# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख ३१ गते, २०८३ साल (संख्या ७


## भाग ३

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

## सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ०५

### अख्तियार दुरुपयोग अनुसन्धान आयोग (चौथो संशोधन) नियमावली, २०८३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायका नियमहरू बनाएको छ।


मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (चौथो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ मा नियम १४ख. थप</u>** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १४क. पछि देहायको नियम १४ख. थपिएको छ :-

"**१४ख. <u>साङ्केतिक शब्द वा सङ्केत नम्बर प्रयोग गर्न सक्ने</u>** : (१) भ्रष्टाचार सम्बन्धी कसुरको छानबिन वा अनुसन्धान कार्यमा संलग्न पदाधिकारी वा कर्मचारी, उजुरी वा सूचना दिने व्यक्ति, साक्षी, विशेषज्ञ वा पीडितको पहिचान गोप्य राख्न आवश्यक भएमा आयोगले निर्णय गरी कुनै साङ्केतिक शब्द वा सङ्केत नम्बर प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको साङ्केतिक शब्द वा सङ्केत नम्बर प्रयोग गरी छानबिन वा अनुसन्धान गरिएको कसुरमा मुद्दा दायर गर्दा त्यस्तो मुद्दासँग सम्बन्धित लिखतमा उल्लिखित साङ्केतिक शब्द वा सङ्केत नम्बरलाई आधिकारिक नाम, थरमा परिणत गरी सोही बमोजिम मुद्दा दायर गर्नु पर्नेछ।"

**३.** **<u>मूल नियमावलीको अनुसूची-१४ मा संशोधन</u>** : मूल नियमावलीको अनुसूची-१४ को सट्टा देहायको अनुसूची-१४ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-१४

(नियम २६ सँग सम्बन्धित)

आरोपपत्रको ढाँचा

अदालतले भर्ने :

दर्ता नं. :

दर्ता मिति :

श्री ............... अदालत, ............... समक्ष

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम दायर गरेको

आरोपपत्र

(............ सालको निर्णय नम्बर ..........)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट ............ ............... को प्रतिवेदनले नेपाल सरकार .................१ } वादी

विरुद्ध

१. ............................................................१

२. ............................................................१ } प्रतिवादी

३. ............................................................१

मुद्दाः ........................।

१. मुद्दाको संक्षिप्त तथ्य :

(क)

(ख)

(ग)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. प्रतिवादी उपरको आरोप :

(क)

(ख)

(ग)

३. प्रतिवादीलाई हुनु पर्ने सजाय तथा थप सजाय :

(क)

(ख)

(ग)

४. प्रतिवादी उपरको अन्य कसुर र सजायको माग दाबी :

(क)

(ख)

(ग)

५. सजाय छुटको माग दाबी तथा सरकारी साक्षी बनाउनु पर्ने आधार र कारण :

(क)

(ख)

(ग)

६. जफत हुनु पर्ने सम्पत्तिको विवरण, सो सम्पत्तिको रोक्का र माग दाबी:

(क)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख)

(ग)

७. बिगो र क्षतिपूर्तिको माग दाबी :

(क)

(ख)

(ग)

८. आरोप दाबीसँग सम्बन्धित कानूनी व्यवस्था:

(क)

(ख)

(ग)

९. खुलाउनु पर्ने देखिएका अन्य कुरा:

(क)

(ख)

(ग)

१०. सबुद प्रमाण:

(क) दशी प्रमाण:

(ख) लिखित प्रमाण:

(ग) विशेषज्ञ र अन्य साक्षी:

(घ) अन्य प्रमाण:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. <u>प्रस्तुत कागजातः</u>

(क)

(ख)

(ग)

यसै आरोपपत्रबाट प्रस्तुत मुद्दाको शुरु कारबाही र किनारा हुन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ।

<u>आरोपपत्र प्रस्तुतकर्ताः</u>

<u>आयोगको छाप</u> :

दस्तखतः ............................

नाम, थरः ............................

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अधिकारप्राप्त अधिकृत।

इति संवत् ...... साल .... महिना ... गते रोज ... शुभम् .......।"

**आज्ञाले,**

**नारायणप्रसाद शर्मा दुवाडी**

**सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।